


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ असार ११ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 25 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९७

## भिडन्त, अश्रुग्याँसबीच मौलापुरको सभा सम्पन्न



मौलापुर नगरपालिकामा प्रदर्शनकारी र प्रहरीबीच भएको झडपको दृश्य । तस्वीरः शैलेन्द्र झा

प्रस, रौतहट, १० असार/

रौतहटको मौलापुर नगरपालिकाको नगरसभा दुई पक्षबीचको तनावका बावजूद सम्पन्न भएको छ ।

नगरसभा सम्पन्न हुन नदिनका लागि एमालेका माधव नेपाल र जसपाका उपेन्द्र यादव समूह र नेपाली काङ्ग्रेसका कार्यकर्ताले बिहानैदेखि तनाव सिर्जना गरेका थिए। उनीहरूको विरुद्ध नगरप्रमुख रीमादेवी साह र उनका पति पूर्वमन्त्री प्रभु साहबीच निकै घम्साघम्सी भयो । दुवै पक्षबीच नगरसभाबाहिर भिडन्त भएपछि प्रहरीले बल प्रयोग गरेको थियो। दुवै पक्षबीचको तनाव साम्य पार्न प्रहरीले दर्जनौं अश्रुग्यास प्रहार गऱ्यो ।

भिडन्तमा नेपाल-यादव समूह र नेपाली काङ्ग्रेसका दर्जनभन्दा बढी कार्यकर्ता घाइते भए भने साह पक्षका पनि दुई/चार जना घाइते भए। प्रहरीतर्फ पनि दुईजना घाइते भएको थाहा हुन आएको छ ।

घटनास्थलमा ठूलो सङ्ख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी तैनाथ गरिएका थिए । बिहानदेखि सुरक्षाकर्मी तैनाथ भएपनि साँझसम्म मौलापुरको अवस्था तनावपूर्ण रह्यो ।

विवाद र विरोधका बावजूद नगरसभा बहुमतले पारित भएको छ । नगरप्रमुखतर्फ ३४ र विपक्षमा १३ जनाले हस्ताक्षर गरेका थिए । नगरसभाको उद्घाटन पूर्वमन्त्री प्रभु साहले गरेका थिए ।

## वीरगंज मनपाको बजेट ३ अर्ब ५५ करोड

प्रस, वीरगंज, १० असार/

वीरगंज महानगरपालिकाले आव २०७८/७९ को लागि रु ३ अर्ब ५५ करोड ३९ लाख ३७ हजारको बजेट सार्वजनिक गरेको छ ।

वीरगंज महानगरको ९औं नगर अधिवेशनमा उपप्रमुख शान्ति कार्कीले उक्त बजेट प्रस्तुत गरेकी हुन् ।

विनियोजित बजेटमा चालूतर्फ रु १ अर्ब ८६ करोड ३५ लाख ४२ हजार ९ सय अर्थात् ५२.४४ प्रतिशत, पूँजीगततर्फ रु १ अर्ब ६२ करोड ३३ लाख ३० हजार १ सय अर्थात् ४५.६८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु ६ करोड ७० लाख ६४ हजार अर्थात् १.८८ प्रतिशत खर्च हुने अनुमान गरिएको छ ।

नगरसभाको उद्घाटन गर्दै नगरप्रमुख विजयकुमार सरावगीले कोरोनाले व्यापार-व्यवसायमा प्रतिकूल असर पारेको र ठूलो आर्थिक क्षति भएकोले त्यसलाई ध्यानमा राखी राहतसहितको राजस्व नीतिहरू लिएको बताए ।

उनले होटल, पर्यटन व्यवसाय, विद्यालय, अस्पताल, शपिङ मल, उद्योग र कलकारखानाको चालू आवको सम्पत्ति करमा ५० प्रतिशतसम्म छुट दिने र आगामी आर्थिक वर्ष २०७८/७९ मा पनि सम्पत्ति कर असुली प्रक्रियालाई निरन्तरता दिइने बताए ।

तस्वीरः प्रतीक




उद्घाटन सत्रमा प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्मालाई वरिष्ठ पत्रकार सम्मानबाट विभूषित गरिएको थियो । नगरप्रमुख सरावगीले उक्त सम्मान प्रदान गरेका थिए ।

नगरप्रमुख सरावगीले सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने ठोरी गाउँपालिकाका हरेराम खड्कालाई पनि सम्मानित गरेका थिए ।

यसैगरी, रेडियो वीरगंजका ध्रुव साह, अनलाइन खबरका सुरेश बिडारी, नेपाल टेलिभिजनका वीरगंज संवाददाता विजय महतो, मध्य नेपाल साप्ताहिककी सम्पादक कविता खड्कालाई पनि सम्मानित गरिएको थियो। यस्तै, रोट्राक्ट क्लब वीरगंजलाई पनि कार्यक्रममा सम्मान गरिएको थियो ।

नगरसभामा कोभिडमा खट्ने नगरप्रहरी इन्चार्ज हरि भुसालसहित पाँचजना नगरप्रहरीलाई सम्मानित गरिएको थियो ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत प्रदीप निरौलालगायतको सहभागिता थियो ।

## २३ किलो सुनकाण्डः सिन्हा परिवारमाथि मुद्दा दायर

प्रस, वीरगंज, १० असार/

राजस्व अनुसन्धान विभागले वीरगंजको सुन प्रकरणमा उच्च अदालत जनकपुरमा मुद्दा दायर गरेको छ ।

वीरगंज महानगर-५ रेशमकोठी चोकमा रहेको गणेश अपार्टमेन्टको ३०३ नं फ्लैटबाट २०७७ असोज ३० गते बरामद भएको २२ किलो ९९७ ग्राम सुन र १ किलो ७८ ग्राम चाँदी सम्बन्धमा रक्सौलका अशोककुमार सिन्हा र उनकी छोरी निवेदिका सिन्हाविरुद्ध मुद्दा दायर गरेको हो ।

अभियुक्तहरूबाट १८ करोड ६५ लाख २ हजार बिगो असुलको मागसहित हदैसम्मको कारबाईको माग गरिएको छ ।

भन्सार छलेर ल्याएको सुन, गरगहना अवैध कारोबार गरेर सिन्हा र निजकी छोरीले राज्यको करोडौं रुपैयाँ नोक्सानी पुऱ्याएको राजस्व विभागको दाबी छ । अशोक सिन्हा रक्सौलका विधायक प्रमोद सिन्हाका सहोदर भाइ हुन् ।

## ११ महीनामा ३८ अर्ब राजस्व असुली

प्रस, परवानीपुर, १० असार/

वीरगंजस्थित रेलमार्गबाट मालसामान आयात-निर्यात गर्ने भन्सारको रूपमा चिनिने श्रीसिया सुक्खा बन्दरगाहले पछिल्लो ११ महीनामा लक्षित राजस्व सङ्कलन गर्न सकेको छैन । कोरोना महामारीको कारण जेठ मसान्तभरि निषेधाज्ञा रहेको कारण राजस्व सङ्कलनमा असर पुगेको भन्सार कार्यालयका सूचना अधिकारी चुडामणिशर्मा कट्टेलले बताए । उनका अनुसार चालू आवको जेठ मसान्तसम्म ४० अर्ब १५ करोड २८ लाख ७६ हजार राजस्व लक्ष्य रहेकोमा ९५.४४ प्रतिशत अर्थात् ३८ अर्ब ३२ करोड १८ लाख ७४ हजार राजस्व असुली भएको छ। लक्ष्य भन्दा करीब २ अर्ब राजस्व असुली कम भएको हो ।

चालू आवको १२ महीनाको लागि भन्सार कार्यालयले ४४ अर्ब १२ करोड २२ लाख १८ हजार राजस्व लक्ष्य पाएको छ । गत साउनदेखि जेठसम्म भन्सार महसूल १६ अर्ब ५५ करोड २४ हजार, मुअकर १८ अर्ब ५३ करोड ३५ लाख ९८ हजार, अन्तःशुल्कतर्फ २ अर्ब ४४ करोड ५३ लाख ६७ हजार, कृषि सुधार शुल्कतर्फ ५६ करोड ७६ लाख, अन्य राजस्वतर्फ २ करोड ८७ लाख र सडक सम्भार दस्तुरतर्फ १९ करोड २५ लाख ३० हजार गरी कुल ३८ अर्ब ३२ करोड १८ लाख ७४ हजार राजस्व सङ्कलन भएको हो ।

## ऋणको ब्याजले बर्बाद भयौं, अब पसल खुल्नुपर्छ - मदिरा व्यवसायी

राधेश्याम पटेल, वीरगंज, १० असार/

वीरगंजका मदिरा व्यवसायीहरूले चौपट भएपछि नराम्ररी प्रभावित भएको बताएका छन्। उनका अनुसार वीरगंजमा मदिरा व्यवसाय सञ्चालन गर्न प्रशासनले अनुमति दिनुपर्ने बताएका छन् । वीरगंजमा पछिल्लो समय कोरोना महामारीको दोस्रो लहर नियन्त्रणोन्मुख देखिएकोले स्वास्थ्य मापदण्ड पालना गरी मदिरा व्यवसाय खोल्न दिनुपर्ने उनीहरूको माग छ ।



मदिरा व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष रामाधार सर्राफ । तस्वीरः प्रतीक

नेपाल मदिरा व्यवसायी सङ्घ वीरगंजका अध्यक्ष रामाधार सर्राफले करीब दुई महीनाको निषेधाज्ञाले व्यापार चौपट भएपछि नराम्ररी प्रभावित भएको बताएका छन्। उनका अनुसार वीरगंजमा मदिरा व्यवसायमा अर्बौं रुपियाँको लगानी भए पनि पौने दुई महीनादेखि पसल तथा व्यवसाय ठप्प हुँदा बैंकको ब्याज, घरभाडा, कर्मचारीलगायतको खर्च र कर्मचारीको परिवारमा पनि आर्थिक सङ्कट देखिएको बताए ।

वीरगंजमा करीब ९० वटा थोक र २५ सय खुद्रा बिक्रेता छन् र त्यसमा संलग्न व्यवसायी, तिनका कर्मचारीलगायत प्रभावित भएका छन् । काम नगरेपछि कतिपय कामदारले तलब भत्ता नपाएको उनले बताए। व्यवसायीको पैसा बजारमैं फसेको कारण तलब खुवाउन नसकिएको उनले दुःखेसो पोखे। "हामीले त करोडौं रुपियाँ घाटा बेहोरिसक्यौं, हामीसँग कामदार पनि भोकै मरिरहेका छन्"- उनी भन्छन्-"साहुलाई बैंक ब्याज, घरभाडा, कर र तलबभत्ताको चिन्ता छ, व्यापार पूरै चौपट भइसक्यो, अब पनि व्यवसाय नखुल्ने हो भने सबै व्यवसायी पलायन हुनुपर्ने अवस्था आउँछ।

वीरगंजमा बिहान १० बजेदेखि ५ बजेसम्म खाद्यान्न र अत्यावश्यक सामग्री बिक्री गर्न समय तोकिएकोमा वीरगंजका होटल, रेस्टुरा, नाश्ता पसललगायत सञ्चालनमा नआउँदा मदिरा व्यवसाय धरापमा परेको उनले जनाए। वीरगंजका मदिरा व्यवसायीहरूले मदिरा व्यवसाय नखोले चरणबद्ध आन्दोलनको कार्यक्रम तय गर्ने चेतावनीसमेत दिएका छन् । व्यवसायीहरूको टोलीले जिम्मेदार अधिकारीसमक्ष पटकपटक समस्या राख्दा पनि कोभिड १९ जिल्ला सङ्कट व्यवस्थापन केन्द्रको बैठकमा छलफल नहुने गरेको व्यवसायीहरूको गुनासो छ ।

जानकारीमा आए अनुसार असार १५ पछि मदिरा व्यवसाय सञ्चालन गर्न दिने आन्तरिक तयारी भइरहेको छ ।

## पोखरियाको नगरसभा सम्पन्न

प्रस, पोखरिया, १० असार/

पोखरिया नगरपालिकाको पाँचौं नगरसभा सम्पन्न भएको छ ।




पोखरिया नगरसभामा उपस्थित महानुभावहरू । तस्वीरः प्रतीक

ज्येष्ठ नागरिक महिला सदस्य रवैया खातुनले नगरसभाको उद्घाटन गरेकी थिइन् । उद्घाटन समारोहमा उपप्रमुख सलमा खातुनले आव २०७८/७९ को लागि रु ४६ करोड ३० लाख ८२ हजारको बजेटसहित नीति तथा कार्यक्रम प्रस्तुत गरिन् ।

उनले चालूतर्फ रु ७ करोड १५ लाख ८६ हजार र पूँजीगततर्फ ३९ करोड १४ लाख विनियोजन गरिएको बताइन् । बजेटमा स्वास्थ्य, कृषि, पर्यटन, रोजगार, शिक्षा, खेलकूद, भौतिक विकास, विपत् व्यवस्थापनलगायतलाई प्राथमिकतामा राखेको बताइन् । नगरप्रमुख दीपनारायण रौनियारको अध्यक्षतामा भएको उद्घाटन समारोहमा प्रमुख प्रशासकीय अधिकृत अशोक कोइराला, वडाध्यक्षहरू लक्ष्मण साह कानू, बन्काराउत कुर्मी, अजयकुमार गुप्ता, नन्दलाल पटेलले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण लेखापाल मनोज तिवारीले गरेका थिए ।

बाढी, पहिरो, डुबानको जोखिम भएका बस्तीहरूको अवस्थितिबारे स्थानीय र जिल्ला तहका विपद् जोखिम न्यूनीकरण समितिहरूलाई जानकारी गराऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विचारसार र सूक्तिहरू

**समयका साथ हिंड्नु जरुरी छैन । सत्यका साथ हिडौं समय एक दिन हाम्रो साथ हिंड्न थाल्नेछ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# बन्द अवधिको शैक्षिक शुल्क

**वीरगंज बजार ५३ दिनपछि सञ्चालनमा आएको छ । हाल निषेधाज्ञा जारी रहेको भए तापनि केही खुकुलो पार्दै बिहान १० देखि साँझ ५ बजेसम्म बजार खुल्ला छ। सेवाप्रदायक सरकारी कार्यालयहरूले विभिन्न क्षेत्र अनुसार बार छुट्याएर सेवा दिइरहेका छन् । अहिले पनि शैक्षिक संस्था, जिमखानालगायत धेरै क्षेत्र पूर्णरूपमा बन्द रहने जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रको निर्णय छ । कोभिड सङ्क्रमण न्यूनीकरणको लागि लकडाउन तथा निषेधाज्ञा नै उपयुक्त विधि देखियो। चीनदेखि नेपालसम्मको अनुभवले यही सिकाएको छ। तर निषेधाज्ञाले धेरैवटा समस्या सिर्जना पनि गरेको छ। बालबालिका भविष्यका कर्णधार हुन्, निषेधाज्ञाको कारण तिनै कर्णधारको भविष्य अन्यौलमा छ । अध्ययनविना नै कक्षा चढ्नुपर्ने बाध्यताले बालबालिका झन् समस्यामा परेका छन्। अघिल्लो वर्ष ४ महीना पढेर कक्षा चढाइएका विद्यार्थीहरू उपल्लो कक्षाको पुस्तक देख्दा तर्सने अवस्थामा पुगे। उपल्लो कक्षाको पाठ्यक्रम अध्ययन गर्नका लागि जग बलियो हुनुपर्छ। पढ्नै नपाएर कक्षा चढ्नुपर्दा शिक्षाको जग बलियो हुने कुरा रहेन ।**

**कोरोना महामारीको कारण बालबालिकाले शैक्षिक क्षति बेहोर्नु त छँदैछ । अभिभावकले पनि आर्थिक क्षति बेहोरि रहेका छन्। बितेको वर्ष विद्यालय बन्द अवधिको शुल्क तिर्ने कि नतिर्ने भन्नेमा लामै बहस भयो । अन्ततः अभिभावकले शुल्क बुझाउनै पर्‍यो। बितेको वर्ष केही विद्यालयले अनलाइन कक्षा चलाएका थिए । तर शुल्क सम्बन्धमा भने समग्रमा एउटै नीति तय गरियो। यसो गर्दा अनलाइन कक्षा सञ्चालन नगर्नेहरूको तुलनामा कक्षा सञ्चालन गर्नेहरूले आफू ठगिएको महसूस गरे । यस वर्ष करीब दुई महीना शैक्षिक संस्था बन्द भइसकेका छन्। तर धेरै विद्यालय तथा क्याम्पसले अनलाइन कक्षा सञ्चालन गरेका छैनन्। केहीले एक/दुई घण्टा कक्षा सञ्चालन गरेका छन् भने थोरैले मात्रै पाठ्यक्रम अनुसार अध्यापन गराइरहेका छन् ।**

**विद्यालय बन्द अवधिमा अनलाइन कक्षा सञ्चालन गर्न सरकारले आग्रह गरेको थियो। विद्यालय र विद्यार्थी दुवैतर्फ स्रोत साधन सम्पन्न रहेका तथा अनलाइन कक्षा राम्रो चलेका विद्यालयका बालबालिकाहरू खुशी छन् । बालबालिकाको लागि व्यावहारिकबाहेर सैद्धान्तिक कक्षा, भौतिक उपस्थितिमा भन्दा अनलाइन नै सहज देखिएको छ । निषेधाज्ञाको बेला सैद्धान्तिक कक्षा चलाएर खुलेपछि व्यावहारिकमा समय दिन सकिन्थ्यो। तर त्यस्तो प्रयास भएको छैन। कक्षा सञ्चालन गर्दा र नगर्दा मूल्याङ्कन एकै हुने भएपछि किन कक्षा सञ्चालन गर्ने ? जुन विद्यालयले बन्द अवधिमा अनलाइन कक्षा सञ्चालन गर्न सकेन, उसले सो अवधिको शुल्क पक्कै पनि मिनहा गर्दैन। विद्यार्थीसँग विद्यालयको सम्पर्कसमेत नभएको अवधिको पनि शुल्क तिर्नुपर्दा निषेधाज्ञाले थलिएका अभिभावकमा रन्को छुट्नु स्वाभाविक छ। यसैबीच वीरगंजमा विभिन्न विद्यार्थी सङ्गठनले शैक्षिक क्षेत्रका मुद्दाहरू लिएर महानगरपालिका र जिल्ला प्रशासन कार्यालयमा दबाब दिइरहेका छन् । तर निषेधाज्ञाको अवधिमा अनलाइन कक्षा सञ्चालन भए, नभएको बारे छानबीन गर्ने र विद्यार्थीले कति शुल्क बुझाउनुपर्ने भन्ने बारेमा खासै बहस केन्द्रित देखिएको छैन । बन्द अवधिको शुल्कबारे फेरि विवाद आउने निश्चित भएकोले यस्ता विवाद न्यूनीकरण र न्यायोचित निकासका लागि विद्यार्थी अगुवा र सम्बन्धित निकायले यसतर्फ ध्यान दिन जरुरी छ ।**

# निश्शुल्क शिक्षा: आर्थिक विकासको आधारशिला


अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com


**शिक्षा निश्शुल्क हुनुपर्छ ।शिक्षा निश्शुल्क हुनुपर्छ । यदि कोही व्यक्ति स्वेच्छाले निजी क्षेत्रका विद्यालय वा उच्च विद्यालय रोज्छ भने त्यो उसको स्वतन्त्राको विषय हो । तर शिक्षालाई निश्शुल्क पारेर शिक्षामा हरेक परिवारको पहुँच बनाउनुपर्छ ।**

आर्थिक विकासका लागि आवश्यक अनेक तत्त्वहरूमध्ये शिक्षा पनि एक हो। कुनै पनि मुलुकको आर्थिक विकासमा शिक्षाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यसै कारण राष्ट्रहरूले शिक्षामा ठूलो लगानी गरेका हुन्छन्। यो संसारभरिको चलन हो । पूँजीवादी देशहरूले त झनै शिक्षामा बढी लगानी गरेका हुन्छन् । आश्चर्यको कुरा त के छ भने कतिपय पूँजीवादी देशहरूले उच्च माध्यमिक तह सम्मको शिक्षा निश्शुल्क पारेका छन् । अर्थात् उच्च माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्न विद्यार्थीहरूले एक पैसा पनि खर्च गर्नुपर्दैन। त्यहाँ परिवारले आफ्ना सन्तानको शिक्षाका लागि, माध्यमिक तहसम्मको शिक्षाको लागि एक पैसा खर्चु गर्नुपर्दैन र सन्तानको शिक्षामा खर्च गर्नुपर्ने रकम अन्यत्र खर्च गर्न पाउँछन्। विकसित मुलुकहरूमा सरकारले विद्यार्थीहरूलाई कम ब्याज दरमा शिक्षा ऋण दिने व्यवस्था मिलाएको हुन्छ ।

पूँजीवादी वा विकसित देशहरूमा माध्यमिक तहसम्मको शिक्षालाई निश्शुल्क पार्न लाग्ने खर्च स्थानीय तहले बेहोर्छ । अर्थात् जुन शहर वा क्षेत्रमा स्कूलहरू सञ्चालित हुन्छन् त्यस शहर वा क्षेत्रका बासिन्दाले नै आफ्नो शहर वा क्षेत्रमा सञ्चालित स्कूलहरूको सञ्चालन खर्च बेहोर्छन्। स्थानीय निकाय (शहर वा गाउँ) वा सरकारले स्थानीयस्तरमा प्राप्त गरेको करबाट स्थानीय स्तरमा सञ्चालित स्कूलहरूको सञ्चालन खर्च बेहोर्छन् । सङ्घीय वा केन्द्रीय सरकारले ज्यादै न्यून मात्रामा स्थानीय स्कूलहरूलाई आर्थिक सहयोग गरेको हुन्छ ।

विकसित देशहरूले शिक्षालाई उच्च महत्त्व दिएका हुन्छन्। राष्ट्रको आर्थिक विकासका लागि शिक्षामा ठूलो लगानी गरेका हुन्छन् । शिक्षालाई जनताको आधारभूत आवश्यकता मानेका हुन्छन् । शिक्षा नागरिकको अधिकार हो भन्ने तथ्यलाई स्वीकार गरेका हुन्छन् ।

नेपालमा भने शिक्षा विकासको इतिहास सुखद हुन सकेन। राणाकालामा जनतालाई केवल श्रमिक ठानेर प्रशासकहरूले शिक्षालाई महत्त्व दिएनन्। अशिक्षित नागरिकमाथि शासन गर्न सजिलो हुन्छ भन्दै स्कूल, कलेज स्थापनामा पटक्कै ध्यान दिएनन्। साथै निजी क्षेत्रबाट स्थापना हुन खोजेका स्कूलहरूमा पनि अनेक किसिमका प्रतिबन्ध लगाए । राणाकाल नेपालको शिक्षा विकासको इतिहासको एक कालो कालखण्ड हुन पुग्यो । तर अर्कोतिर, नेपालमा राणाहरू शासक भएको समयमा नै अमेरिका र युरोपमा स्कूल, कलेज मात्र होइन, ठूलठूला विश्वविद्यालयहरूको स्थापना भइसकेका थियो ।

पञ्चायतकालमा पनि शिक्षाको क्षेत्रमा अपेक्षाकृत विकास हुन सकेन । नागरिक शिक्षित भएमा उनीहरूमा राजनीतिक चेतना बढ्ने र राजनीतिक चेतना बढेमा पञ्चायतको आयु छोटो हुने र दरबारको नाममा शक्ति र सत्ताको आनन्द लिन नपाउने विचार गर्दै महापञ्च एवं दरबारका हर्ताकर्ताहरूले राजाहरूलाई शिक्षाको क्षेत्रमा तीव्र गतिमा विस्तार नगर्न सल्लाह एवं दबाब दिए । तर राणाकालीन दरबारभन्दा पञ्चायतकालीन दरबार केही उदार थियो र शिक्षामा सुधार गर्न पनि चाहन्थ्यो। त्यसैको परिणामस्वरूप राजाकको सक्रिय शासनकाल, सन् १९५९ मा नेपालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएको थियो ।

मुलुक शिक्षाको क्षेत्रमा अति जागरूक भएको र सरकारी क्षेत्रबाट पनि शिक्षालाई महत्त्व दिने परम्पराको प्रारम्भ भने नेपालमा २०४७ सालमा आएको राजनीतिक परिवर्तन पछि हो । यस समयपछि शिक्षालाई उच्च महत्त्व दिन थालियो, साथै सरकारले राष्ट्रको शिक्षा विकासमा उदार नीति अवलम्बन गर्न थाल्यो। मुख्यगरी प्राथमिक, माध्यमिक र उच्च माध्यमिक शिक्षाको विकासमा निजी क्षेत्रले ठूलो लगानी गर्‍यो। निजी क्षेत्रले शिक्षा क्षेत्रमा गरेको ठूलो लगानीले गर्दा नेपालमा शिक्षा विकासको गतिमा तीव्रता आयो ।

२०४७ सालपछि नेपालमा शिक्षा विकासको गतिमा अति नै तीव्रता आयो। साथै शिक्षा क्षेत्रमा ज्यादै दुःखद पक्ष पनि देखियो। शिक्षालाई व्यापारको रूपमा लिइयो । शिक्षाबाट मुनाफा आर्जन गर्ने स्कूल, कलेज, तालीम केन्द्रहरू स्थापना गरेर धनी हुने सपना देख्न थालियो । शिक्षा व्यापार गर्ने थलो भयो। निजी क्षेत्रबाट स्थापना भएका स्कूल, कलेज आदिका संस्थापकहरूको प्रमुख उद्देश्य आफूले सञ्चालन गरेको स्कूल तथा कलेजबाट अति नाफा कमाउने हुन थाल्यो । अर्थात् शिक्षा व्यापार हुन पुग्यो। एकातिर यो अवस्था देखियो भने अर्कोतिर गरीबले आफ्नो पेट काटेर भए पनि आफ्ना सन्तानलाई निजी विद्यालयमा पढाउनुपर्ने स्थिति सृजना भयो। परिवारले आम्दानीको ठूलो भाग शिक्षामा खर्च गर्नुपर्ने भयो । यो बाध्यात्मक स्थितिले गरीब परिवारलाई गरीबीको कुचक्रबाट बाहिर आउन गाह्रो भयो। साथै गरीब परिवारले ऋण गरेर सन्तानलाई शिक्षित पारे पनि, सन्तानले रोजगार पाएर शिक्षामा गरिएको लगानी उठाउने स्थिति रहेन । यसरी शिक्षा व्यापार हुन पुग्दा गरीब परिवार दोहोरो आर्थिक समस्याको जालोभित्र पर्नुपर्ने अनौठो एवं अदृश्य स्थिति सृजना भयो।

नेपालमा उच्च माध्यमिक तहसम्मको शिक्षा निश्शुल्क हुनुपर्छ। उच्च माध्यमिक तहसम्मको शिक्षा निश्शुल्क गर्नका लागि आवश्यक खर्च स्थानीयहरूले नै बेहोर्नुपर्छ। स्थानीय एवं केन्द्रीय सरकारले सहयोग गरे तापनि विद्यालयहरू सञ्चालन गर्न आवश्यक खर्चको व्यवस्था गर्ने मुख्य जिम्मेवारी स्थानीयले नै लिनुपर्छ । क्रमिकरूपमा व्यापार बनेको शिक्षा क्षेत्रमा सुधार ल्याउनुपर्छ । शिक्षा, स्वास्थ्यजस्ता नागरिक अधिकारका कुरा निश्शुल्क पार्नुपर्छ ।

हामीकहाँ निजी क्षेत्रले शिक्षाको विकासमा ठूलो योगदान पुर्‍याएको छ। मुख्यगरी प्राथमिकदेखि उच्च माध्यमिक तहसम्मको शिक्षाको विकासमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण छ । तर अर्कोतिर निजी क्षेत्रले शिक्षामा ठूलो लगानी गरेर शिक्षालाई अति नाफा हुने व्यापारमा रूपान्तरित गरिदिएको छ । शिक्षा निश्शुल्क हुनुपर्छ ।शिक्षा निश्शुल्क हुनुपर्छ । यदि कोही व्यक्ति स्वेच्छाले निजी क्षेत्रका विद्यालय वा उच्च विद्यालय रोज्छ भने त्यो उसको स्वतन्त्राको विषय हो । तर शिक्षालाई निश्शुल्क पारेर शिक्षामा हरेक परिवारको पहुँच बनाउनुपर्छ। शिक्षा भनेको वर्तमान युगमा पाङ्ग्रा हो र यो पाङ्ग्राको सहयोगमा नै आर्थिक विकासको गाडी गुड्ने गर्दछ ।

शिक्षा व्यापार हुन गएको वर्तमान स्थितिलाई क्रमिकरूपमा समाप्त गर्नुपर्छ। शिक्षामा निजी होइन, सार्वजनिक क्षेत्रको लगानी बढाउनुपर्छ ।

शिक्षालाई व्यावसायिक बनाउन पनि उत्तिकै आवश्यक छ। शिक्षित भएपछि कुर्सीमा बसरे टेबलमाथि खुट्टा राखेर काम गर्ने मनोविज्ञान प्राप्त शिक्षा निर्माण गर्नुहुँदैन। शिक्षाले व्यक्तिलाई आत्मनिर्भर तथा उद्यमी बनाउनुपर्छ । व्यक्तिमा स्वरोजगारी हुने वा रोजगार सृजना गर्ने सीप विकास गरिदिनुपर्छ । शिक्षाले बाँच्नका लागि ज्ञान दिने होइन, पेट भर्ने सीप पनि दिनुपर्छ ।

नेपालको वर्तमान शिक्षा प्रणालीले विद्यार्थीहरूलाई उद्यमी (Entrepre-neurs) बनाउन सहयोग गरेको अनुभव गरिएको छैन। वर्तमान शिक्षा प्रणालीले कुनै व्यक्तिलाई जागीर खानका लागि आवश्यक शिक्षा त दिन्छ, तर कुनै व्यापार वा व्यवसाय गर्ने सीप दिंदैन। अहिले हामीलाई चाहिएको मुख्य कुरा सीप हो। साहस हो। जोखिम वहन गर्ने तत्परता हो । व्यापार गर्दा उत्पन्न हुने अनेक जोखिम वहन गरेर कसरी सफलतापूर्वक व्यापार वा व्यवसाय गर्न सकिन्छ भन्ने ज्ञान शिक्षाले दिनुपर्छ । उच्च वा विश्वविद्यालयस्तरको शिक्षा मात्र ज्ञान केन्द्रित हुनुपर्छ । त्यसबाहेक शिक्षाको मुख्य उद्देश्य शिक्षा लिने व्यक्तिमा सीप विकास हुनुपर्छ ।

शिक्षा नीतिले विद्यार्थीहरूमा जुनसुकै किसिमको व्यापार गर्ने मनोविज्ञान निर्माण गर्नुपर्छ। यो व्यापार ठूलो, यसको उच्च इज्जत छ, त्यो व्यापार सानो, त्यसको इज्जत छैनजस्तो भावनाको विकास शिक्षा नीति वा पद्धतिले गर्नुहुँदैन।

यो वैश्य युगमा बाँच्नका लागि सबैले केही ने केही बिक्री गर्नु नै पर्छ । सबै व्यक्ति व्यापारमा संलग्न हुनैपर्छ । त्यसकारण हाम्रो शिक्षा नीतिले व्यापारलाई उच्च प्राथमिकता दिनुपर्छ। यस्तो भए मात्र हाम्रो राष्ट्रिय गरीबीमा कमी आउन सक्छ ।

नेपालमा व्याप्त गरीबीमा सुधार ल्याउन हामीले सर्वप्रथम शिक्षामा सुधार ल्याउन आवश्यक छ । शिक्षालाई ज्ञानमुखी मात्र होइन, सीपमुखी पनि बनाउनु आवश्यक छ ।

# भारतमा सङ्क्रमण घट्दो, तर विज्ञहरू भन्छन्- तेस्रो लहर थप जटिल हुन्छ

नयाँ दिल्ली, १० असार/सिन्हवा

भारतमा हाल जारी रहेको कोभिड-१९ को दोस्रो लहर घट्दो क्रममा देखिएको छ। पछिल्ला केही हप्तामा सङ्क्रमणको दर घटेको पाइएको छ । यता यस्तो अवस्था रहे पनि भारतका जनस्वास्थ्यविद्हरूले भने समयमा यहाँ तेस्रो लहर आउन सक्ने भन्दै खतराको घण्टी थिच्न थालेका छन् ।

पछिल्लो समयमा भारतमा यसरी घट्दो क्रममा सङ्क्रमित देखिन थालेपछि यहाँको सरकारले यसअघि लगाएका प्रतिबन्धहरूलाई केही खुकुलो बनाएको छ । यसरी खुकुलो बनाएपछि नागरिकहरू सडकमा निस्किन थालेका छन्। उनीहरूले सामाजिक दूरी कायम गर्ने तथा अरू जनस्वास्थ्यका आधारभूत मापदण्डहरू पनि पालना गर्न छाडेका छन् । जसका कारण फेरि भारतमा अर्को खतरा आउन सक्नेतर्फ जनस्वास्थ्यविद्हरूले सरकारलाई सचेत बनाएका छन् ।

बुधवार बिहान मात्र भारतमा ५० हजार ८४८ जना नयाँ सङ्क्रमित थपिएका छन् । गएको २४ घण्टामा त्यहाँ बुधवार मात्र ती सङ्क्रमित थपिएको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जानकारी दिएको हो। योसमेत गरी भारतमा अहिलेसम्ममा कम्तीमा पनि ३ करोड सङ्क्रमित पुगेका छन्। यहाँ ३ करोड २८ हजार ७०९ जना सङ्क्रमित पुगेका हुन् ।

त्यस्तै, यहाँ यो सङ्क्रमणबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या पनि झन्डै चार लाखको नजीक पुग्दैछ। भारतमा कोरोना भाइरसका सङ्क्रमितहरूमध्ये ३ लाख ९० हजार ६६० जनाको ज्यान गएको छ। यहाँ केही समयअघिसम्म हरेक दिन २ हजारभन्दा पनि बढी सङ्क्रमितको ज्यान जाने गरेको थियो। तर अहिले सो अवस्थामा पनि कमी आएको छ। यहाँ अहिले मृत्यु हुनेको सङ्ख्या पनि उल्लेख्य मात्रामा घट्दै गएको देखिएको छ ।

पछिल्लो समयमा निको हुने दरमा पनि वृद्धि भएको छ। भारतमा पछिल्ला हप्ताहरूमा सङ्क्रमितहरूको निको हुने दरमा वृद्धि भएर ९६.५६ प्रतिशत पुगेको छ ।

यो अवस्थाले यहाँको केन्द्र सरकार तथा राज्य तथा स्थानीय सरकारहरूलाई पनि शान्तिको सास फेर्न त दिएको छ तर पनि यो अवस्था भनेको महामारी सबै घटेको तथा सबै सङ्क्रमित नै निको भएको अवस्था भने नभएको विज्ञहरूले चेतावनी दिएका छन्। उनीहरूले भनेका छन् कि यसरी पछिल्ला दिनहरूमा सङ्क्रमितहरू घट्दै जाँदा अब सबै ठीक भयो भनेर सरकारले प्रतिबन्धहरू सबै फुकुवा गर्ने र नागरिकहरूले पनि जनस्वास्थ्यका मापदण्डहरू पालना नै नगर्नु भने मूर्खता हुनेछ, यसले अर्को सङ्कटलाई निम्ता दिन सक्छ ।

यसको मतलब भारत हाल जारी नै रहेको यो दोस्रो लहर कति खतरनाक थियो, कतिजना मानिसले सास फेर्न नपाएर अर्थात् अक्सिजन नै नभएर मृत्युवरण गर्नुपर्‍यो, चिकित्सकहरूले पनि कसरी आफैंले र बिरामीका लागि अक्सिजनको मात्रा आपूर्ति गर्न पाएनन् भन्ने कुरा भने सबैलाई छर्लङ्गै थाहा छ। अक्सिजन मात्र होइन कि आवश्यक औषधिहरू, अस्पतालका शय्या तथा अरू आवश्यक पूर्वाधारका लागि अस्पतालको उपलब्धता नै हुन नसकेको अवस्था पनि सबैलाई र खासगरी नीति निर्माताहरूलाई पनि थाहा नै छ ।

यो अवस्था आफूहरूले देखेकै भएकाले पनि अब आउन सक्ने सम्भावित तेस्रो लहरलाई मध्यनजर गरेर हाल विज्ञहरूले गरेका अनुरोधहरूलाई खासमा यहाँको सरकारका प्रतिनिधि र नीति निर्माताहरूले बेवास्ता गरेको बताएका छन्। स्वास्थ्य विज्ञहरूले यस्तो चेतावनी दिंदादिंदै पनि सरकारले विगतमा विभिन्न राज्यमा निर्वाचन गर्ने, कुम्भ मेलाजस्तो आममानिसहरू जम्मा हुने कार्यक्रमलाई अनुमति दिने गरेकाले यो दोस्रो लहरको लागि बल पुर्‍याएको र अहिले पनि अब केही समयमैं सरकारले यस्ता क्रियाकलापलाई अनुमति दिन सक्ने भन्दै त्यसको विरोध गरिरहेका छन् ।

**सतर्कताका लागि आग्रह**

यता सङ्क्रमित घटेका समाचारहरू आउन थालेदेखि नै पछिल्लो समयमा यहाँका केन्द्रीय तथा स्थानीय सरकारहरू प्रतिबन्ध हटाउने काममा उदार भएका छन् । जसका कारण यहाँका रेलमार्ग, होटल, रेस्टुरेन्ट, शपिङ मलहरू आदिमा ठूलो भीडभाड लाग्न थालेको छ । नयाँ

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## फिलिपिन्सका पूर्वराष्ट्रपति अक्विनोको निधन

मनिला, १० असार/एएनआई

फिलिपिन्सका पूर्वराष्ट्रपति बेनिग्नो अक्विनोको ६१ वर्षको उमेरमा बिहीवार बिहान निधन भएको छ।

लामो समयदेखि सख्त बिरामी परेका अक्विनो सन् २०१० देखि २०१६ सम्म फिलिपिन्सको राष्ट्रपति थिए। उनको शासनपछि फिलिपिन्सको राष्ट्रपति रोड्रिगो डुटर्टे बनेका थिए।

फिलिपिन्सको सर्वोच्च अदालतका न्यायाधीश मार्भिक लियोनेनले एक विज्ञप्ति प्रकाशन गरी पूर्वराष्ट्रपति अक्विनोको निधनको खबरले आफूलाई स्तब्ध बनाएको बताए।

अमेरिकी समाचार संस्था सिएनएनका अनुसार "नोयनोय"का उपनामले चिनिने अक्विनोको फिलिपिन्सको राजधानीस्थित क्यापिटोल मेडिकल सेन्टरमा निधन भएको थियो।




फिलिपिन्सका अर्थशास्त्रीसमेत रहेका अक्विनोले सन् १९९८ मा राजनीतिमा आउनुअघि चिनीको व्यापार गर्थे। सन् २००७ मा सिनेटमा निर्वाचित हुनुअघि उनी तीनपटक प्रतिनिधिसभाको सदस्य चुनिएका थिए।

फिलिपिन्सका लोकप्रिय प्रजातान्त्रिक नेता सिनेटर बेनिग्नो "नियनोय" अक्विनो र पूर्वराष्ट्रपति कोराजोन अक्विनोका एक मात्र छोरा थिए।

फिलिपिन्सका पूर्वतानाशाह फर्डिनान्ड मार्कोसको शासनप्रति विमति राख्ने उनका बुबाको संयुक्त राज्य अमेरिकाको निर्वासनबाट स्वदेश फर्कनेक्रममा सन् १९८३ मा हत्या गरिएको थियो। रासस

## चीनमा तीन करोड २९ लाख ज्येष्ठ नागरिकले पाए राहत

बेइजिङ, १० असार/रासस

चीनमा झन्डै तीन करोड २९ लाख ज्येष्ठ नागरिकले सरकारका तर्फबाट विभिन्न किसिमका राहत सुविधा प्राप्त गरेका छन्।

सरकारले बिहीवार सार्वजनिक गरेको श्वेतपत्रमा मार्च २०२१ मा ज्येष्ठ नागरिकहरूले नर्सिङ सुविधासमेत पाएको उल्लेख छ।

चिनियाँ कम्युनिस्ट पार्टीको राज्य परिषद् कार्यालयद्वारा सार्वजनिक गरिएको मानव अधिकारसम्बन्धी दस्तावेजमा राज्यका सबै नागरिकलाई समान व्यवहार र सम्मान प्रदान गरिएको




बताइएको छ।

यसैबीच, एक करोड ४८ लाख ज्येष्ठ नागरिकले खाद्यान्न सहायता तथा अति कठिनाइको सामना गरिरहेका ३८ लाख ज्येष्ठ नागरिकलाई विशेष अनुदान सहायता प्रदान गरिएको छ।

सन् २०२१ को मार्च महीनामा चीनका तीन लाख ३० हजारभन्दा बढी संस्थाले ज्येष्ठ नागरिकका लागि अस्पतालहरूमा ८२ लाखभन्दा बढी शय्या उपलब्ध गराएको पनि श्वेतपत्रमा उल्लेख छ।

यसैगरी, चीनका जनताको औसत आयु सन् २०१९ मा ७७.३ वर्ष पुगेको पनि श्वेतपत्रमा जनाइएको छ। सन् १९४९ मा चीनमा औसत आयु ३५ वर्ष मात्र थियो। मातृ तथा प्रसूति मृत्युदर पनि घटेको छ।

प्राप्त विवरणमा प्रति एक लाखमा १७.८ मातृ मृत्यु रहेको छ भने शिशु मृत्युदरमा पनि प्रति एक लाखमा ५.६ रहेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – प्रगति | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – कडापरिश्रम |
| सिंह – ज्ञानोदय | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – मनोरञ्जन | मीन – कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### भारतमा..........

दिल्लीको रेल्वे स्टेशनमा पनि हालैका दिनमा हजारौंजनाको भीडभाड नै देखिन थालेको छ। शपिङ मलहरूको अवस्था त्यस्तै छ। यो देखेर पनि यहाँका जनस्वास्थ्य विज्ञहरूले अर्को लहरको सम्भावना झन् नजिकिँदै गरेको भनेर चेतावनी दिएका छन्।

दिल्लीको उच्च अदालतले गत हप्ता मात्र पछिल्लो समयमा देखिएको यस्तै भीडभाडपछि जनस्वास्थ्यका मापदण्डहरू कडाइका साथ पालना गराउन सरकारका नाममा आदेश दिएको छ। सो अदालतले जनस्वास्थ्य विज्ञहरूले हाल देखाइरहेको सम्भावित तेस्रो लहरलाई रोक्नका लागि स्वास्थ्यका मापदण्डहरू पालना गराउनु नै एकमात्र विकल्प देखिएको भन्दै सरकारका नाममा यो आदेश जारी गरेको थियो। यदि यी मापदण्डहरू पालना गराउन सकिएन भने मानिसहरूकै कारण हामी धेरै ठूलो समस्यामा पर्नेछौं पनि भनेको छ।

अहिले त दिल्लीमा पनि व्यापार व्यवसाय खुलेको छ। जसका कारण ठूलो जनसङ्ख्या रहेको भारतका नागरिकको उपस्थिति दिन प्रतिदिन बढ्दै गएको छ। यो देखेर यहाँका चिकित्सकहरूले त भारतले दोस्रोभन्दा पनि तेस्रो लहरमा झन् ठूलो समस्या भोग्नुपर्ने अवस्था आउने बताइरहेका छन्। उनीहरूले मानिसहरूको बढ्दो जमघट नै ठूलो समस्या भएर आउने चेतावनी दिएका छन्।

अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स (एआइएमएस)का निर्देशक रणदीप गुलरियाले गत हप्ता भनेका थिए– भारतमा कोभिड–१९ को तेस्रो लहर आगामी छदेखि आठ हप्तासम्ममा आउन सक्छ र यो दोस्रो लहरजत्तिकै र अझ त्योभन्दा पनि बढी हुन सक्छ।

उनले गत हप्ता मात्र भनेका थिए– तेस्रो लहर आगामी छदेखि आठ हप्तासम्ममा आउन सक्छ र सामान्यतया त्योभन्दा थोरै ढिला हुन पनि सक्छ। तर त्यसको आगमन भने हामीले अब गर्ने व्यवहार र आगामी दिनमा गरिने जनस्वास्थ्यका मापदण्डहरूको पालनाले पनि निर्धारण गर्नेछ।

उनले भनेका थिए– हामीले पहिलो र दोस्रो लहरको महामारीबाट कति दुःख पायौं भन्ने कुरा सबैले बुझ्नुपर्ने हो। हामीले त्यसबाट भएको जनधनको क्षतिबाट पनि धेरै सिक्नुपर्ने हो। तर पछिल्ला दिनहरूमा बढ्दो भीडभाड र सरकारले एकपछि अर्को गरी प्रतिबन्धहरू फुकाउँदै गएकोले विगतबाट हामीले पाठ सिक्यौं जस्तो लाग्दैन। मलाई लाग्छ अब आउने सम्भावित तेस्रो लहरले हामीलाई अझ बढी क्षति दिन सक्छ भन्ने डर मलाई लागिरहेको छ।

विश्व स्वास्थ्य सङ्गठनका क्षेत्रीय अधिकारी प्रकाश नारायणको धारणा पनि त्यस्तै छ। उनले सङ्क्रमितहरूको सङ्ख्या केही घटेका समाचारहरू आउँदैमा युद्ध नै जितेजस्तो गरेर सरकारले पनि लकडाउन हटाउने र नागरिकहरू पनि हजारौंका सङ्ख्यामा सडकमा निस्किने गर्नु दुःखद छ भन्दै समयमैं सतर्कता अपनाउन आग्रह गरे।

**सुस्त खोप अभियान**

हुनत भारतको जनसङ्ख्या पनि यहाँको कोरोनाविरुद्धको खोप अभियानका लागि एक चुनौती नै हो। भारतको स्वास्थ्यसँग सम्बन्धित एक थिङ ट्याङ्क संस्था नेशनल इन्स्टिच्युट फर ट्रान्सफर्मिङ इन्डियाका सदस्य भिके पाउलले कोरोनाविरुद्धको खोपले ९४ प्रतिशतसम्म सुरक्षा दिएको अनुसन्धानले देखाएको बताउँछन्। साथै कोरोनाको खोप दिएपछि यसका सङ्क्रमितहरूमध्ये कम्तीमा पनि ७८ देखि ८० प्रतिशत मानिसलाई अस्पताल भर्ना गर्नुनपर्ने देखिएको पनि उनले बताए।

भारतमा यसै वर्षको जनवरी १६ देखि कोरोनाविरुद्धको खोप लगाउने अभियान सञ्चालन गरिएको हो। तर अहिलेसम्ममा यहाँका जम्मा पाँच करोड वयस्क मानिसलाई मात्र दुवै मात्राको खोप दिइएको छ। खोपको दुवै मात्रा लिने यो सङ्ख्या भारतको वयस्क उमेरको जम्मा पाँच प्रतिशत मात्र हुन आउँछ। यो भारतको स्वास्थ्य मन्त्रालयकै तथ्याङ्क हो। सो मन्त्रालयले जनाए अनुसार देशव्यापीरूपमा २९ करोड ४० लाख मानिसलाई पहिलो मात्रा मात्र खोप दिइएको छ।

उता भारतले यसै वर्षको अन्त्यसम्ममा देशका सबै नागरिकलाई खोप दिइसक्ने लक्ष्य भने लिएको छ। तर सरकारको खोप अभियानको अहिलेको गति अति सुस्त भएकोले विज्ञहरूले त्यो सम्भव देखेका छैनन्। उनीहरूका अनुसार यदि सरकारले यो लक्ष्य पूरा गर्ने हो भने यहाँ हरेक दिन कम्तीमा पनि १० लाख मानिसलाई खोप लगाउनुपर्छ। रासस

## शैक्षिक प्रमाणपत्र धितो कर्जाको उपयोगिता

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण लिन आउने ग्राहकले ऋण पाएपछि गर्ने व्यवसायबारे बैंकलाई चित्तबुझ्दो प्रस्ताव दिन नसक्ने नेपाल बैंकर्स एसोसिएशनले जनाएको छ। जोखिम, कामदार, सामान आपूर्तिकर्ता, बिक्रीकर्ता, स्थानीय तहसँग सहकार्यजस्तो चुनौती लिन सक्नेले मात्रै यस्तो व्यवसाय गर्न सक्ने देखिन्छ।**

सरकारले आर्थिक वर्ष २०७८–७९ को बजेटमार्फत स्नातक तह उत्तीर्ण युवालाई शैक्षिक प्रमाणपत्र धितो राखेर २५ लाखसम्म ऋण दिने घोषणा गरेको छ। हुनत यो कार्यक्रम पुरानै प्रकृतिको हो। अघिल्लो आर्थिक वर्षमा शैक्षिक प्रमाणपत्रका आधारमा अधिकतम ७ लाख रुपियाँ कर्जा दिने घोषणा गरेको सरकारले आगामी आर्थिक वर्ष २०७८–७९ का लागि यो कर्जालाई २५ लाख पुऱ्याएको छ। झट्ट सुन्दा यो कार्यक्रम निकै लोकप्रिय देखिन्छ। यसले पढेका बेरोजगारी युवालाई उद्यमी बन्न मदत पुग्ने सरकारको दाबी छ। तर व्यवहारमा यसको प्रभावकारिता ज्यादै न्यून देखिएको छ।

सरकारले आर्थिक वर्ष २०७५–७६ देखि शैक्षिक प्रमाणपत्रका आधारमा कर्जा दिने घोषणा गरेको थियो। नेपालमा शैक्षिक बेरोजगारीको सङ्ख्या धेरै रहेकोले शैक्षिक ऋणबारे धेरैको चासो देखिएको थियो। तर यो ऋण सबैले पाउन कठिन देखिन्छ। प्रमाणपत्र मात्र होइन, ऋण खर्च गर्ने योजना पनि पेश गर्नुपर्छ जुन अधिकांशसँग हुँदैन। नेपाल राष्ट्र बैंकले ऋण उठाउने जिम्मा आफैंले लिनुपर्ने व्यवस्था गरेका कारण बैंक तथा वित्तीय संस्थाले ऋणीको ऋण तिर्ने क्षमता हेर्ने गर्दछ। खासमा रु २५ लाखसम्म भने पनि यदि ऋण लिनेको क्षमता ३ लाख रुपियाँ छ भने उसले पाउने त्यत्ति नै हो। स्नातक उत्तीर्ण भएकाले शैक्षिक प्रमाणपत्र धितो राखेर ५ प्रतिशत ब्याजदरमा यस्तो कर्जा पाउने व्यवस्था छ। विगत तीन वर्षमा शैक्षिक प्रमाणपत्र धितो राखेर १३९ जना शिक्षित युवाले मात्र बैंक तथा वित्तीय संस्थाबाट यस्तो कर्जा पाएका छन्। कुल ६ करोड ५१ लाख रुपियाँ कर्जा स्वीकृत भयो। कार्यक्रमबारे धेरैलाई जानकारी नै नभएको र भएकालाई पनि बैंक तथा वित्तीय संस्थाले प्राथमिकता नदिंदा यो प्रभावकारी हुन सकेको देखिएन।

सरकारको निर्देशनानुसार राष्ट्र बैंकले ०७५ कात्तिक २० मा सहुलियतपूर्ण कर्जासम्बन्धी कार्यविधि जारी गरेको थियो। नेपाली बजारमा दक्ष जनशक्ति मागको तुलनामा आपूर्ति अत्यधिक रहेको छ। लोकसेवा आयोगको विज्ञापन होस् वा कुनै सानो संस्थाले गरेको विज्ञापन, अत्यधिक दरखास्त पर्ने गरेको पाइन्छ। यसले नेपाली बजारमा दक्ष जनशक्ति मागको तुलनामा आपूर्ति अत्यधिक रहेको पुष्टि हुन्छ। नेपाली समाजमा पढ्ने, स्नातक पास हुने, एउटा राम्रो नोकरी खाने, निजामती होस् वा शिक्षण पेशा वा निजी क्षेत्रमैं भए पनि अल्झिने प्रवृत्ति पाइन्छ। सिर्जनात्मक काम गर्न कसैले खासै ध्यान दिएको पाइँदैन र त्यस्तो वातावरण सिर्जना पनि हुन सकेको छैन। लोकसेवा आयोगका ठूल्ठूला किताब रट्दै चार–पाँच वर्ष लगाएर भएपनि नोकरी खानुलाई गौरव ठान्ने नेपाली समाजमा सिर्जनात्मक काम गरेर परिवार र मुलुकको आर्थिक विकासमा सहयोग पुऱ्याउनेतर्फ खासै ध्यान दिएको पाइँदैन। नोकरी नपाए अब देशमा गर्न नसकिने भयो, विदेश जानुपऱ्यो भनेर वर्षौं मेहनत गरेर प्राप्त प्रमाणपत्र थोत्रो बाकसमा थन्क्याएर खाडी मुलुक वा अन्य विकसित देशतिर लाग्ने प्रवृति झाँगिदै गएको छ।

नेपाल सरकारले उद्यमशीलतालाई आर्थिक विकासको मेरुदण्ड बुझेर नै हुनुपर्छ, विगतका आर्थिक वर्षको बजेटदेखि सहुलियतपूर्ण कर्जालाई प्राथमिकता दिंदै आएको छ। तर विडम्बना, विगतका वर्षहरूमा सो कर्जाबाट लाभान्वित हुने युवा भेटिएन। नेपाल सरकारले उपलब्ध गराउने भनेको सहुलियतपूर्ण कर्जाको सदुपयोग हुन सक्यो भने पक्कै पनि, आफ्नै माटोमा केही गर्न सक्षम नागरिक बनाउन एउटा महत्त्वपूर्ण जगको काम गर्न सक्छ। तर सोचेजस्तै यो कर्जा लिन सहज पक्कै छैन। शैक्षिक प्रमाणपत्र राखेपछि ऋण पाइहाल्नुपर्छ र त्यसपछि त्यो पैसाले जे गरे पनि हुन्छ भन्ने बुझाइ पनि युवामा देखिएको छ। यथार्थमा त्यो व्यक्तिले कार्यक्षमता र योग्यता अनुसार व्यावसायिक परियोजना तयार गर्नुपर्छ। अनि बैंकलाई आवश्यक सबै कागजात तयार गरी पेश गर्नुपर्छ। व्यावसायिक परियोजनामा बैंक सन्तुष्ट भएपछि मात्रै सहुलियतपूर्ण कर्जा पाउने हो। रकम पाउँदा व्यक्तिले गरेको कार्यप्रगति अनुसार किस्ता–किस्तामा भुक्तानी हुँदै जान्छ। जस्तो कुनै व्यक्तिले बाख्रापालन गर्न खोजेमा उसले खोर बनाउन केही रकम पाउँछ, बाख्रा खरीद गर्न केही रकम पाउँछ भने बाखालाई आवश्यक दानापानी,/घाँसका लागि केही रकम पाउँछ। तर शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण लिन आउने ग्राहकले ऋण पाएपछि गर्ने व्यवसायबारे बैंकलाई चित्तबुझ्दो प्रस्ताव नै दिन नसक्ने नेपाल बैंकर्स एसोसिएशनले जनाएको छ। जोखिमका साथै कामदार, सामान आपूर्तिकर्ता, उत्पादन बिक्रीकर्ता, स्थानीय तहसँग सहकार्य गर्नुपर्नेलगायत चुनौती लिन सक्नेले मात्रै यस्तो व्यवसाय गर्न सक्ने देखिन्छ। प्रस्ताव लिएर आउनेसँग व्यवसाय कसरी थाल्ने, कच्चा पदार्थ कसरी र कहाँबाट ल्याउने, उत्पादन कहाँ कसरी बिक्री गर्ने, उत्पादनको बजार मूल्य कति रहने, अरू उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने–नसक्ने विषय, सम्भावित फाइदालगायत सम्बन्धमा बैंकहरूले अन्तर्वार्ता लिने गर्छन्। अनुभव नभएका व्यक्तिले सामान्य प्रस्ताव ल्याए पनि अन्तर्वार्तामा जवाफ नै दिन नसक्दा ऋण पाउन सक्दैनन्।

**यस्तो ऋणमा के-के सुविधा पाइन्छ ?**

हालसम्म यस्तो ऋण लिनेलाई सरकारले ५ प्रतिशत ब्याज अनुदान दिंदै आएको छ। अहिलेको व्यवस्था अनुसार बैंकहरूले यस्तो ऋणको ब्याजको आधार दरमा २ प्रतिशतभन्दा बढी थप्न पाउँदैनन्। हाल बैंकहरूको आधार दर साढे ५ देखि ८ प्रतिशतसम्म छ। ८ प्रतिशत आधार भएका बैंकबाट ऋण लिंदा पनि २ जोड्दा कुल १० प्रतिशत हुन आउँछ, यसमा ५ प्रतिशत अनुदान पाउँदा ऋणीले जम्मा ५ प्रतिशत मात्र तिरे पुग्छ। साढे ५ प्रतिशत मात्र आधार दर भएको बैंकबाट ऋण लिंदा झन् साढे २ प्रतिशत मात्रै तिरे पुग्छ।

राष्ट्रिय वाणिज्य बैंकको आधार दर सबैभन्दा कम साढे ५ प्रतिशत भएकोले सो बैंकमा तिर्नुपर्ने ब्याज साढे २ प्रतिशतकै हाराहारीमा हुनेछ। ब्याजमा मात्रै होइन, अरू धेरै कुरामा अनुदान व्यवस्था छ। यस्तो व्यवसायको बीमा अनिवार्य गर्नुपर्ने व्यवस्था छ। यसरी बीमा गर्दा शुल्क २५ प्रतिशतमात्रै तिरे पुग्छ, बाँकी ७५ प्रतिशत सरकार (राष्ट्र बैंकमा रहेको अनुदान शोधभर्ना खाताबाट) ले नै सम्बद्ध बीमा कम्पनीलाई तिरिदिने व्यवस्था छ। यस्तो कर्जा निक्षेप तथा कर्जा सुरक्षण कोषबाट अनिवार्य सुरक्षण (बीमा) गराउनुपर्छ। यसरी कर्जा सुरक्षण गर्दा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले २५ प्रतिशतमात्रै बेहोरे पुग्छ, बाँकी ७५ प्रतिशत शुल्क नेपाल राष्ट्र बैंकमा रहेको अनुदान शोधभर्ना खातामार्फत शोधभर्ना गरिन्छ।

**ऋण लिन के के चाहिन्छ ?**

यस्तो ऋण लिन स्थायी लेखा नं (प्यान प्रमाणपत्र) लिएको हुनुपर्ने र कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको हुनुपर्छ। कम्तीमा स्नातक उत्तीर्ण भएको र ४० वर्ष ननाघेको हुनुपर्छ। घरेलु तथा साना उद्योग कार्यालय/समिति, सीप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्जस्ता सरकारी निकायबाट कम्तीमा ७ दिनको उद्यम वा व्यावसायिक सीप विकास तालीम अनिवार्यरूपमा लिएको वा उक्त कर्जा स्वीकृत भएपछि त्यस्तो संस्थामा सीप विकास तालीम लिएको प्रमाण पेश गर्नुपर्छ। उद्यम सञ्चालन तथा कर्जा उपयोगसम्बन्धी सङ्क्षिप्त प्रस्ताव चाहिन्छ। सम्बन्धित बैंकले अनुगमन गर्दा कर्जा सदुपयोग भएको नपाइए ब्याज अनुदान सुविधा उपलब्ध नगराइने र लिइसकेको अवस्थामा ऋणीबाट असुल गरिनेछ।

**कस्तो व्यवसाय गर्न पाइन्छ यस्तो ऋणमा ?**

खाद्यान्न, नगदेबाली, तरकारी, फलफूल तथा जडीबुटी उत्पादन तथा व्यवसाय गर्न यस्तो ऋण पाइन्छ। धान, गहुँ, मकै, कोदो, जौ, केराउ, चना, भटमास, चिया, अलैंची, सुपारी, नरिवल, अम्रिसो, कपास, उखु, रबरजस्ता खेतीका लागि ऋण पाइन्छ। अदुवा, लसुन, बेसार, मरिचजस्ता मसलाको खेती तथा व्यवसाय गर्न यस्तो ऋण पाइन्छ। लसुन, प्याज, काउली, बन्दा, च्याउ, बोडी, सिमी, गाजर, मुला, खुर्सानीलगायत सबै प्रकारका तरकारी खेती गर्न र व्यवसाय गर्न ऋण पाइन्छ। आँप, सुन्तला, स्याउ, अनार, कागती, भोगटे, अंगुर, केरा, खुर्सानी, अमलाजस्ता हरेक फलफूलको खेती, टिस्युकल्चर, बीउ तथा बेर्ना उत्पादनका लागि ऋण पाइन्छ।

गाई, गोरु, भैंसी, राँगो, बंगुर, खरायो, चौरी, भेंडा, बाखा, बाच्छाबाच्छी, घोडा, गधा, खच्चर, कुखुरा, हाँसजस्ता आर्थिक उपार्जन हुने र पशुपक्षी पालनका लागि पनि ऋण पाइन्छ। मत्स्यपालन, मौरीपालन, रेशमकीरा पालनका लागि ऋण पाइन्छ। सिंचाइ तथा सिंचाइ उपकरण खरीद गर्न, थ्रेसर, ग्रिंडर, ट्याक्टर, ट्रेलरजस्ता कृषि औजार वा संयन्त्र खरीद गर्न ऋण पाइन्छ। सिलाइबुनाइ, राडीपाखी, ऊनी गलैंचा, पश्मिनाका उद्योग व्यवसाय गर्न, माटो तथा काठबाट बन्ने कलात्मक वस्तु निर्माण गर्न, बाँस तथा निगालोका सामान बनाउने कार्य गर्न, सुन, चाँदी, फलामजस्ता धातुको काम गर्न, गरगहना बनाउने कार्य गर्न ऋण पाइन्छ। अलैंची, चिया, मह प्रशोधन कार्य गर्न, सेरामिक्स, चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौनालगायत परम्परागत घरेलु कार्यका लागि ऋण पाइन्छ।

स्वास्थ्य परीक्षण प्रयोगशाला, प्राकृतिक तथा आयुर्वेदिक चिकित्सा केन्द्र सञ्चालन, शिशु स्याहार केन्द्र र औषधि पसल सञ्चालनका लागि ऋण पाइन्छ। टेम्पो, बस, ट्रक, जीप, रिक्सा, रेडियो, फोटोकपी मेशीन, कम्प्युटर, टिभीलगायत मरम्मतशाला सञ्चालन गर्न, दैनिक उपभोग्य सामान खरीद–बक्री गर्न, चिया तथा चमेना पसल सञ्चालन गर्न पनि यस्तो ऋण पाइन्छ। होटल, रेस्टुरा, ट्राभल एजेन्सी, ट्रेकिङ व्यवसाय, रिक्सा तथा ठेलागाडा व्यवसाय गर्न पनि ऋण पाइन्छ।

# डेङ्गु नष्ट अभियान सञ्चालन गर्न गोष्ठी

प्रस, ठोरी, १० असार/

ठोरी गाउँपालिकामा



ठोरी गाउँपालिकाको कार्यालयमा बैठकमा सहभागीहरू । तस्वीरः प्रतीक

डेङ्गुलगायतका कीटजन्य रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी गरी नष्ट गर्ने अभियान सञ्चालनका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

बिहीवार गापा कार्यालय घ्याङडाँडामा सम्पन्न कार्यक्रममा डेङ्गु रोगको मुख्य कारक लामखुट्टेको वासस्थानको खोजी गरी लार्भा नष्ट गर्ने अभियान सञ्चालनको लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा स्वास्थ्य कार्यालय, पर्साका जनस्वास्थ्य निरीक्षक जयमोद ठाकुरले डेङ्गु एडिस एजिप्टाई जातको सङ्क्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्ने रोग भएकोले घरवरिपरि पानी जम्ने खाल्डो नराख्न सुझाव दिए। उनले वर्षाको पानी जम्ने थोत्रो टायर, गमला, रङको डिब्बा, कुलर, खाली ड्रम, टीनका डिब्बामा डेङ्गु रोग सार्ने पोथी लामखुट्टेले फुल पार्ने गरेको बताए । यस्ता ठाउँको खोजी गरी लार्भा नष्ट गर्नुपर्ने उनले बताए ।

गापाका स्वास्थ्य संयोजक रमेशराज थिङले ठोरी जङ्गल किनारसँग जोडिएकोले डेङ्गु, औंलो, कालाजारलगायतका रोगहरूको जोखिम रहेको बताए । उनले स्वास्थ्य चौकीमा मलेरिया परीक्षण गराएका बिरामीहरूमा हालसम्म मलेरिया नदेखिएको जानकारी दिए । उनले डेङ्गु रोग नियन्त्रण अभियानमा सहयोग गर्ने बताए ।

कार्यक्रममा गापा अध्यक्ष पद्मलाल श्रेष्ठ, उपाध्यक्ष शान्तिमाया थिङ, योजना शाखाका अधिकृत अर्जुनकुमार जिसीलगायतले मन्तव्य राखेका थिए ।

# अस्पताललाई स्वास्थ्य उपकरण सहयोग

प्रस, वीरगंज, १० असार/

वीरगंज उद्योग वाणिज्य सङ्घले नारायणी अस्पताललाई स्वास्थ्य उपकरण सहयोग गरेको छ ।

बिहीवार कार्यक्रमको आयोजना गरी सङ्घका अध्यक्ष सुबोध गुप्ताले मेडिकल अक्सिजन कन्सनट्रेटर ३ थान र २ थान प्यासेन्ट मोनिटर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा वीरेन्द्र प्रधानलाई हस्तान्तरण गरे ।

स्वास्थ्य उपकरण हस्तान्तरण गर्दै अध्यक्ष गुप्ताले उपकरण अस्पतालले पूर्णरूपले सञ्चालन गर्नुपर्ने बताए । अस्पतालको सेवालाई अझ सुदृढ र प्रभावकारी ढङ्गबाट अगाडि बढाउन उपकरण हस्तान्तरण गरिएको उनले बताए । अध्यक्ष गुप्ताले हेल्भेटास नेपाल इलम परियोजनाबाट सो उपकरण सङ्घलाई प्राप्त भएको र अस्पताललाई




हस्तान्तरण गरिएको उनले जानकारी गराए ।

कार्यक्रममा सङ्घका महासचिव मनोज दास, हेल्भेटास नेपालका कृष्णलाल कर्ण, बिजनेशन कन्सलटेन्सी सुनीलकुमार साह, डा नीरज सिंहलगायतको उपस्थिति थियो ।

# चल्ला नष्ट

प्रस, पंचगावाँ, १० असार/

सशस्त्र प्रहरी बल सुरक्षा बेस बागेश्वरी तित्रौनाले भारतबाट भित्र्याइएको कुखुराको चल्ला र मोटरसाइकल बरामद गरेको छ ।

सशस्त्र प्रहरी निरीक्षक राम थापामगर नेतृत्वको टोलीले ना.१८प ५४७० नम्बरको मोटरसाइकल र सोमा लोड गरिएको २ हजार ४० वटा कुखुराको चल्ला बरामद गरेको थियो ।

बरामद चल्ला क्वारेन्टाइन प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, नेपाल प्रहरीको रोहबरमा नष्ट गरिएको र मोटरसाइकल वीरगंज भन्सार कार्यालय पठाइएको सप्रनि थापामगरले बताए ।




# देवताल गापाको बजेट गाउँलक्षित

प्रस, वीरगंज, १० असार/

बाराको देवताल गाउँपालिकाले आव २०७८/७९ को बजेटमा गाउँलक्षित कार्यक्रमलाई प्राथमिकता दिएको छ ।

वडाध्यक्ष मिश्रीलाल सहनीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा गापाले आफ्नो गाउँको मालपोतसम्बन्धी सम्पूर्ण कर छुट गरेको बताए । यसैगरी, खेतीपाती गर्ने किसानको विद्युत् मिटर गापाले भुक्तान गर्ने, ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता लिन जान बैंकसम्मको यातायात खर्च बेहोर्ने, फाइबरयुक्त इन्टरनेट सेवा लिएका गाउँलेलाई ५० प्रतिशत रकम छुट दिने, गापामा रहेका सबै विद्यार्थीलाई निश्शुल्क पोशाक उपलब्ध गराउने, विद्यालयबाहिर रहेका बुहारी छोरीको लागि छोरी–बुहारी शिक्षा कार्यक्रम सञ्चालन गर्ने, गापाभित्र रहेका दलित छोरीहरूको विवाहमा आर्थिक सहयोग गर्ने, सुरक्षित




तस्वीरः प्रतीक

खानेपानीको व्यवस्थापनको लागि एक घर एक धारा कार्यक्रमलाई प्राथमिकता दिनेलगायतका कार्यक्रम घोषणा गरेका थिए ।

गापा अध्यक्ष चन्दन सिंहको अध्यक्षतामा भएको गाउँसभामा उपाध्यक्ष रामपतिदेवी महतोलगायतको सहभागिता थियो ।

# सुवर्ण गापाको बजेट ३७ करोड

प्रस, वीरगंज, १० असार/

बाराको सुवर्ण गाउँपालिकाको सातौं गाउँसभा बिहीवार सम्पन्न भएको छ । गापा उपाध्यक्ष बबितादेवी यादवले नीति तथा कार्यक्रम र आव २०७८/७९ को लागि रु ३७ करोड १ लाख १५ हजारको बजेट प्रस्तुत गरेकी थिइन् ।

गाउँसभाको उद्घाटन प्रदेशसभा सदस्य बच्चाप्रसाद यादवले गरेका थिए । उनले नीति तथा कार्यक्रमले गापाको सबै क्षेत्रलाई समेटेको बताउँदै विनियोजित बजेट उद्देश्यपरकरूपमा एक वर्षभित्र सम्पन्न गर्न सुझाव दिए ।

नीति तथा कार्यक्रम र विनियोजित बजेट उत्साहपूर्ण देखिए पनि कार्यान्वयन पक्ष सर्वत्र फितलो हुने गरेकाले सुवर्ण गापाले त्यसो नगरी उद्देश्यपरक काम गर्न उनले सुझाव दिए ।

गापाका अध्यक्ष महेन्द्रप्रसाद यादवले २० वर्षमा नभएको काम आफ्नो कार्यकालमा ४ वर्षमा पूरा गरेको दाबी



तस्वीरः प्रतीक

गरे । उनले गाउँसभामा आएका सबै सुझाव, सल्लाहलाई समेटेर अगाडि बढ्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा संविधानसभा सदस्य रामअयोध्याप्रसाद यादव, प्रमुख प्रशासकीय अधिकृत नवीनकुमार श्रीवास्तव, वडाध्यक्षहरूले गाउँसभा सफलताको लागि शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण जगत यादवले गरेका थिए ।

# पचरौता नपाको बजेट ४५ करोड

प्रस, वीरगंज, १० असार/

बाराको पचरौता नगरपालिकाको नगरसभा सम्पन्न भएको छ। नगरप्रमुख रमेशकुमार यादवले नगरसभाको उद्घाटन गर्दै आव २०७८/७९ को नीति




तस्वीरः प्रतीक

तथा कार्यक्रमसहित रु ४५ करोड ८८ लाख २४ हजारको बजेट प्रस्तुत गरेका थिए ।

चालूतर्फ ३१ करोड र पूँजीगततर्फ १३ करोड बजेट रहेको उनले बताए ।

नीति तथा कार्यक्रममा नगरपालिकाभित्रको कृषि मिटरको महसूल नगरपालिकाले बेहोर्ने घोषणा गरेका थिए भने स्वास्थ्य, कृषि, पर्यटन, रोजगार, शिक्षा, खेलकूद, भौतिक विकास, विपद् व्यवस्थापनलगायतका विषयहरू नीति तथा कार्यक्रममा रहेको र सोहीअनुरूपको बजेट निर्माण भएको नगरप्रमुख यादवले बताए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादव, लेखा अधिकृत हासिम अन्सारी, योजना प्रमुख अरबाज अन्सारी, प्रहरी निरीक्षक दीपक सुवेदी, वडाध्यक्ष, सदस्यहरूलगायतको सहभागिता थियो ।

कार्यक्रमको सञ्चालन प्रमोदप्रसाद यादवले गरेका थिए ।

# दुर्घटनामा वृद्धको मृत्यु, चारजना घाइते

प्रस, वीरगंज, १० असार/

वीरगंज महानगरपालिका–२२ मा हिजो साँझ सवारी दुर्घटना हुँदा एकजना वृद्धको मृत्यु भएको छ भने चारजना घाइते भएका छन् ।

वीरगंज–२२ जगरनाथपुरका ६५ वर्षीय वैद्यनाथ राउत कुर्मीको मृत्यु भएको प्रहरीले जनाएको छ । हिजो साँझ परवानीपुरबाट सुक्खा बन्दरगाहतर्फ जाँदै गरेको भारतीय नम्बरको ट्रक र विपरीत दिशाबाट गइरहेको नेपाली नम्बरको टिपर एकापसमा ठोक्किंदा ट्रक पल्टेर कुर्मी च्यापिएका थिए र उनलाई उपचारको लागि अस्पताल लैजाने क्रममा बाटोमैं मृत्यु भएको प्रहरीले बताएको छ।

घटनामा भारतीय ट्रकका चालक ३५ वर्षीय आजाद अन्सारी, ४० वर्षीय सहचालक नुरूल बस्सर र टिपर चालक ३७ वर्षीय विपिन गड्तौला र २४ वर्षीय सहचालक अजय लामा पनि घाइते भएका छन् । उनीहरूको उपचार नारायणी अस्पतालमा भइरहेको पर्सा प्रहरीका प्रवक्ता ओमप्रकाश खनालले बताए ।

# पर्सागढीको नगरसभा सम्पन्न

प्रस, पर्सागढी, १० असार/

पर्सागढी नगरपालिकाको पाँचौं




तस्वीरः प्रतीक

नगरसभा सम्पन्न भएको छ ।

नगरप्रमुख लोकनारायण यादवले नीति तथा कार्यक्रमसहित आव २०७८/७९ को लागि रु ५९ करोड ३३ लाख ३२ हजारको बजेट प्रस्तुत गरेका थिए । उनले 'गौरवशाली पर्सागढी नगरपालिकाको समृद्धि हाम्रो रहर, व्यवसाय कृषि, मानवीय विकास, हरित सुन्दर शहर' भन्ने नाराका साथ पर्सागढी नगरपालिकाले आगामी बजेटमा सबै क्षेत्रलाई समेटेर काम गर्ने प्रतिबद्धता जाहेर गरे ।

कार्यक्रममा उपप्रमुख अर्चना चौधरी, वडाध्यक्षहरूलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण गिरीराज कँडेलले र स्वागत प्रमुख प्रशासकीय अधिकृत भरत यादवले गरेका थिए । नगरसभा उद्घाटन र बन्दसत्र केही वडासदस्यले बहिष्कार गरेका थिए।

उनीहरूले आफूहरूले राखेको माग नगरप्रमुखले सम्बोधन नगरेको भन्दै कार्यक्रम बहिष्कार गरेको बताए ।

वर्षात्को समयमा बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपबाट ठूलो धनजनको क्षति हुन सक्दछ; त्यसैले

- बाढी, पहिरो र भूक्षयको जोखिम हुने स्थानहरूमा बस्ती नबसालौं ।
- वर्षात्को समयमा हुने बाढी, पहिरो जस्ता विपद् जोखिम स्थानहरूको पहिचान गरी सुसूचित गराऔं ।
- स्थानीय आपत्कालीन केन्द्रहरूको स्थापना गरी उद्धार टोली र राहत सामग्रीको जोहो गरौं ।
- विपद्को समयमा आपत्कालीन केन्द्रमा तुरुन्त खबर गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग